# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३/८४
चलानी नम्बर :

**कृषि कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !**

प्रथम पटक प्रकाशित मितिः२०८३/०६/१५

मालारानी गाउँपालिकाको आ.व.२०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक मालारानी गाउँपालिका भित्रका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले आवश्यक कागजात सहित यो सूचना प्रकाशन मितिले १५ दिन (२०८३/०६/२९ गते) भित्र यस कार्यालयमा वा सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रीत नपुगी आएका वा म्याद नाघी प्राप्त निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र.स | कार्यक्रमको नाम | स्वीकृत बजेट | अनुदानको सिमा | क्रियाकलापहरु | संचालन मापदण्ड |
|---|---|---|---|---|---|
| १. | सिँचाई पाइप खरिद (५०% लागत साझेदारी) | ४,००,००० (चार लाख) | ५० % अनुदान | ५०% अनुदानमा पोलिथिन पाइप वितरण गरिने। | -प्राविधिक फिल्ड अनुगमन पश्चात आवश्यकताको आधारमा कार्यक्रममा सहभागी गराईनेछ। |
| २. | आलु खेती प्रर्वद्धन | ३,००,००० (तीन लाख) | ५०% अनुदान | ५०% अनुदानमा आलुको बीउ वितरण गरिने। | - कृषक र फर्मको हकमा कम्तिमा १ रो. क्षेत्रफलमा आलु खेती गर्नुपर्ने। - समूहंको हकमा कम्तिमा १० रो. क्षेत्रफलमा आलु खेती गर्नुपर्ने। -सहकारीको हकमा कम्तिमा २० रो. क्षेत्रफलमा आलु खेती गर्नुपर्ने। |

आवश्यक कागजातहरुः

१.प्रस्तावकको निवेदन। (पाइपको हकमा साईज र परिमाण, आलुको बीउको हकमा परिमाण)
२.प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
३.दर्ता, स्थायी लेखा न., नविकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (फर्म/ कृषक समूह/सहकारी)।
४.सम्बन्धित वडाको सिफारिस पत्र।
५.सिँचाईका लागि पाइप प्रयोग गरिने स्थानको १ प्रति रंगिन फोटो।
६.कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि।(कृषक समूह/सहकारी)।
७.जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संञ्चालन गर्नेको हकमा करार सम्झौता कम्तिमा ५ बर्षको।

२०८३/०६/१५
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
१.सूचना प्रविधि शाखा, सूचना सम्प्रेषण गरिदिनु हुन।
२.वडा कार्यालयहरु (सबै)



Scanned with CamScanner
Scanned with CamScanner